मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

२६ औं वर्षमा

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : ३०९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज २२ गते शुक्रवार (Friday, October 8. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## बसको ढोकाबाट खसेर सहचालकको मृत्यु

**धनकुटा, असोज २१।** धनकुटा पाख्रिवास नगरपालिका-४ स्थित मध्यपहाडी लोकमार्गमा बा२ख ५८४० नम्बरको बसको ढोकाबाट खसेर सह-चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भोजपुर नगरपालिका-११का १७ बर्षीय धनबहादुर पाठक रहेका छन् । भोजपुरबाट धरानतर्फ गुडिरहेको बसको ढोका खोल्ने क्रममा ढोकाबाट झरी गम्भीर घाइते भएका पाठकको जिल्ला अस्पताल धनकुटामा उपचारको क्रममा मृत्यु भएको हो । बस र बस चालक भोजपुर अरुण गाउँपालिका-७का ३५ बर्षीय दुर्गाबहादुर श्रेष्ठ इलाका प्रहरी कार्यालय पाख्रीबास धनकुटाको नियन्त्रणमा रहेका छन् ।

## धेरै भाडा लिन खोज्ने नौ बिचौलिया पक्राउ

**झापा, असोज २१।** काठमाडौँ बाहिर जाने यात्रुसँग तोकिएभन्दा बढी भाडा लिन खोज्ने नौ विचौलियालाई ट्राफिक प्रहरीले पक्राउ गरेको छ ।

चाडबाडमा हुने ठगीलाई ध्यानमा राखेर महानगरीय ट्राफिक प्रहरी महाशाखाद्वारा परिचालित टोलीले उपत्यकाको विभिन्न क्षेत्रमा गरेको जाँच अनुसन्धानका क्रममा उनीहरुलाई पक्राउ गरिएको हो । ट्राफिक प्रहरी महाशाखाले उपत्यकाको १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी यात्रुलाई परेका समस्या समाधान गर्दै आएको छ ।

विगतका वर्षमा झैँ चाडपर्वका समयमा उपत्यका बाहिरिने यात्रुको चाप अत्यधिक हुने गर्दछ । भीडभाडको मौका छोपी यात्रुलाई ठगी गर्ने, बढी भाडा लिने, दोहोरो टिकट काट्ने समूहलाई नियन्त्रण गर्न, सहज र सुरक्षित यात्राको व्यवस्था गर्न ट्राफिक प्रहरीले विशेष निगरानी एवम् अनुगमन गर्न टोली परिचालन गरेको छ । सोही क्रममा उनीहरु पक्राउ परेका हुन् ।

ट्राफिक प्रहरीको सादा पोशाकमा खटिएको टोलीले उपत्यका बाहिरिने यात्रुसँग बढी भाडा लिइ टिकट काट्ने व्यक्तिलाई निगरानी गर्ने, आफैँ यात्रु बनेर भाडा मोलमोलाई गर्ने, यात्रुसँग गोप्यरुपमा बुझ्ने, सोधपुछ गर्ने र बढी भाडा लिने व्यक्तिलाई नियन्त्रणमा लिइ आवश्यक कारवाही गर्ने गरेको महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले बताए ।

तोकिएको टिकट काउन्टरमा परिचयपत्र बाहकले मात्र टिकट काट्ने व्यवस्था भए पनि अनधिकृत व्यक्तिले विचौलिया बनेर यात्रुसँग मोलमोलाइ गरी तोकिएकोभन्दा बढी भाडा लिँदै गरेका अवस्थामा उनीहरुलाई पक्राउ गरेको एसएसपी भट्टराईले जानकारी दिए ।

पक्राउ पर्नेमा चितवनको भरतपुर घर भएका ३८ वर्षीय समीर श्रेष्ठ, धनकुटाका ३० वर्षीय किरण लिम्बू र सुनसरीका २८ वर्षका सविन राई रहेका छन् । त्यस्तै टिकट काउन्टरको कर्मचारी हुँ भन्दै भाडा बार्गेनिङ गर्ने काठमाडौँ बस्ने वर्ष ४६का राज ठकुरी, दाङ घोराहीका २९ वर्षीय विशाल गुरुङ र कैलालीका रमेश कठायतलाई काठमाडौँको गोङ्गबुबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनीहरूलाई आवश्यक कारबाहीका लागि प्रहरी प्रभाग नयाँ बसपार्कमा बुझाइएको महाशाखाले जनाएको छ । त्यसैगरी काठमाडौँको कलङ्कीबाट वर्ष ३९ का नवीन केसी, बल्खुबाट शुभयात्री काउण्टरमा काम गर्ने निजगढका अरुण मगर र जाजरकोट घर भई कीर्तिपुर बस्ने नारायणी काउन्टरका बिनोद रानालाई समेत पक्राउ गरी कारबाहीका लागि प्रहरी वृत्त कालीमाटीमा बुझाइएको महाशाखाले जनाएको छ ।

### मुस्लिम महिलामा परिवार नियोजनको आकर्षण

## स्थायी बन्ध्याकरणभन्दा अस्थायी साधन प्रयोग गर्ने धेरै

**झापा, असोज २१।** बाह्रदशी गाउँपालिकामा मुस्लिम समुदायको जनसंख्या झण्डै चार हजारको हाराहारीमा छ ।

थोरै जनसंख्या भए पनि केही वर्षअघिसम्म मुस्लिम समुदायको जनसंख्या वृद्धिदर उच्च थियो । चेतनाको अभावका कारण मुस्लिम समुदायमा परिवार नियोजनका साधनको प्रयोग नगर्दा जनसंख्या वृद्धि भएकोमा पछिल्लो समय यो समुदायका महिलाहरु परिवार नियोजनका साधन प्रयोग गर्न उत्साहित देखिएका छन् । यो समुदायका किशोरीहरुमा आएको चेतनाका कारण अहिले अस्थायी साधन प्रयोग गर्ने महिलाको संख्या बढेको बाह्रदशी गाउँपालिका स्वास्थ्य शाखाकी कर्मचारी सुस्मिता मैनालीले बताइन् ।

अहिले वाह्रदशी गाउँपालिकामा परिवार नियोजन गर्ने महिलाहरुमध्ये मुस्लिम समुदायका ८० प्रतिशत छन् भने बाँकी २० प्रतिश महिलाहरुले स्वास्थ्य संस्थामा आएर परिवार नियोजनका अस्थायी साधन लिने गरेको गाउँपालिकाकी सिनियर अहेव मैनालीको भनाइ छ ।

परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्ने मुस्लिम समुदायका महिलाहरुले इम्प्लान्टलाई बढी प्राथमिकतामा राखेका छन् । एकपटक लगाएपछि पाँच वर्ष ढुक्क हुने भएकाले पनि मुस्लिम समुदायका महिलाहरुले इम्प्लान्ट रुचाएको हुनसक्छ- सिनियर अहेव मैनालीले भनिन्- यो समुदायमा डिपो र पिल्स प्रयोग गर्ने महिलाभन्दा पाँच वर्षे इम्प्लान्ट प्रयोग गर्ने धेरै छन् ।

मुस्लिम समुदायका महिलाहरुले स्थायी बन्ध्याकरणका साधनको प्रयोग भने नगन्य मात्रामा गर्छन्- मैनालीले भनिन्- स्थायी बन्ध्याकरण गर्न महिला मान्दैनन्, अधिकांशले अस्थायी साधन प्रयोग गर्दै आएका छन् । मुस्लिम समुदायका महिलाहरुले परिवार नियोजनका लागि अस्थायी साधन प्रयोग गरे पनि पुरुषले भने स्थायी बन्ध्याकरण भ्यासेक्टोमी प्रति चासो देखाएका छैनन्- गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख राम साहले भने- यहाँका मुस्लिम समुदायका पुरुषले स्थायी बन्ध्याकरणका लागि भ्यासेक्टोमी गरेका छैनन् भन्दा पनि हुन्छ ।

मुस्लिम समुदायका महिला गर्भवती हुँदा समेत पहिला स्वास्थ्य जाँच गर्न जाँदैन थिए, तर अहिले गाउँपालिकाले परिवार नियोजनसहित सुरक्षित मातृत्व सम्बन्धी गाउँ-गाउँमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि मुस्लिम समुदायले बढी लाभ लिएका छन्- मैनालीले भनिन्- अहिले गर्भवती महिलालाई स्वास्थ्य जाँच गर्न एक हजार पाँच सय रुपैयाँ गाउँपालिकाले दिन्छ । त्यो पैसा लिन स्वास्थ्य संस्था आउँदा उनीहरुलाई परिवार नियोजनका विषयमा जानकारी गराइन्छ । त्यही भएर पनि उनीहरु अहिले सचेत बनेका छन् ।

मुस्लिम समुदायका किशोरीहरुमा आएको चेतनाका कारण पनि अहिले परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्न महिला उत्साहित बनेका हुन्- मैनालीले भनिन्- यो समुदायमा बिस्तारै चेतनाको स्तर वृद्धि हुँदैछ । पहिला जस्तो बर्षेनि सन्तान जन्मिएलान् भन्ने पिरबाट मुक्त भएका छन् यहाँका महिलाहरु ।

मुस्लिम समुदायका महिलाहरुलाई लक्षित गर्दै गाउँपालिकाले आयोजना गर्ने विभिन्न कार्यक्रम अनि महिला स्वास्थ्य स्वयम्सेविकाले परिवार नियोजन र उनीहरुको स्वास्थ्यका विषयमा जानकारी गराएपछि यो समुदायमा चेतनास्तर पहिलाभन्दा धेरैमाथि उठेको बताइन्छ । जसका कारण मुस्लिम समुदायका महिला परिवार नियोजनप्रति आकर्षित भएका हुन् ।

पुरुषका लागि स्थायी बन्ध्याकरण भ्यासेक्टोमी हो भने महिलाका लागि मिनिल्याप हो । तर, मुस्लिम समुदायमा अझैं भ्यासेक्टोमी र मिनिल्याप प्रयोग गर्नेको संख्या नगन्य मात्रामा रहेको बाह्रदशी गाउँपालिका स्वास्थ्य शाखाको तथ्याङ्कमा उल्लेख छ ।

## अस्पताल तोडफोड, चार बुँदे सहमति

**पाँचथर, असोज २१।** उपचारका क्रममा बालिकाको मृत्यु भएपछि तनावग्रस्त बनेको पाँचथर अस्पतालको समस्या समाधानका लागि चार बुँदे सहमति भएको छ ।

जिल्ला प्रशासन कार्यालयमा भएको सर्वपक्षीय छलफलबाट प्रशासन र मृतक बालिकाका परिवारबीच चार बुँदे सहमति भएको हो ।

घटनाको छानबिन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न समिति गठन गर्ने सहमति भएको छ । नेपाल रेडक्रस सोसाइटी पाँचथर शाखाका सभापति कृष्णप्रसाद बाँस्कोटाको संयोजकत्वमा अस्पताल विकास समितिका सदस्य दीपक नेपाल, मृतक बालिकाका बाबु कमल थाम्सुहाङ र छिमेकी होमराज थाम्सुहाङ तथा जिल्ला अस्पतालका मेडिकल रेकर्ड अधिकृत नारायण जोशी सदस्य रहेको छानबिन समिति गठन गरिएको हो ।

यस्तै मृतक बालिकाका परिवारका सदस्यलाई उपयुक्त समयमा रोजगारीका लागि प्रयत्न गर्ने, मृतक बालिकाको काजकिरियाका लागि रु. ४० हजार रकम अस्पताल विकास समिति र रेडक्रस सोसाइटी शाखाले उपलब्ध गराउने सहमति भएको छ ।

यस्तै आवश्यक कानूनी प्रक्रिया पूरा गरी बालिकाको शव अस्पतालबाट उठाई शव परीक्षण गरी अन्तिम संस्कार गर्ने सहमति समेत भएको छ । फालेलुङ गाउँपालिका-८ घर भई फिदिम-२ बस्ने कमल थाम्सुहाङकी साढे तीन वर्षीया छोरी कृष्टिनाको उपचारका क्रममा हिजो बिहान मृत्यु भएपछि जिल्ला अस्पताल तनावग्रस्त बनेको थियो ।

प्रशासनले अस्पताल क्षेत्रको सुरक्षालाई ध्यान दिइ नियन्त्रणमा नलिँदा उत्तेजित भीडले गरेको आगजनीमा अस्पतालका संरचनामा ठूलो क्षति पुगेको छ ।

## पिण्ड सेलाउन नदीमा जाँदा....

**गोरखा, असोज २१।** श्राद्ध सकेर नदीमा पिण्ड सेलाउने क्रममा डुबेर बेपत्ता भएका पुरुषको शव फेला परेको छ ।

मस्याङ्दी नदीमा डुबेर बेपत्ता भएका गोरखा नगरपालिका-१४ गोलिङका ४७ वर्षीय पूर्णबहादुर दराईको शव फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिए । बुधबार दिउँसो करिब ३:३० बजे सो नदीमा श्राद्धपछि पिण्ड सेलाएर पौडी खेल्ने क्रममा नदीले बगाएर उनी बेपत्ता भएका थिए ।

घटनालगत्तै प्रहरी र स्थानीयवासीले खोजी गरेको भए पनि फेला नपरेपछि कुरिनटारस्थित विपद् सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन शिक्षालयबाट गोताखोरको टोली झिकाएर खोजी गर्ने क्रममा विहीवार बिहान शव फेला परेको जनाइएको छ ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

## आय-व्यय सार्वजनिक

**अर्जुनधारा, असोज २१।** गत भदौ २६ गते झापाको अर्जुनधारा-७मा ग्यास लिक भई भएको आगालागीमा परी घाइते भएका रोमनाथ खनाल परिवारको उपचार एवम् घर पुनर्निर्माण सहयोग अभियानको आय-व्यय विवरण बिहीबार सार्वजनिक गरिएको छ ।


आगलागी पीडित आर्थिक सहयोग समितिका संयोजक गोविन्द खतिवडाको अध्यक्षतामा आयोजित भेलामा समितिका सचिव एवम् सामाजिक अभियन्ता कमल पोखरेलले १९ लाख ५२ हजार छ सय ३२ रुपैयाँ बराबरको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदन अनुसार उक्त घटनामा घाइते भएका रोमनाथ, उनकी श्रीमती दुर्गा र छोरा पंकजको उपचारमा १० लाख ८७ हजार आठ सय तीन रुपैयाँ खर्च भएको छ । घटनापछि उनीहरुलाई शुरुमा विराटनगरस्थित म्याक्स अस्पताल र त्यसपछि थप उपचारको लागि काठमाडौंस्थित किर्तिपुर शिक्षण अस्पताल पुऱ्याइएको थियो ।

किर्तिपुर शिक्षण अस्पतालमा उपचाररत् घाइतेहरुमध्ये खनाल दम्पत्तीको भने असोज ४ गते निधन भएको थियो । खनाल दम्पत्तीको निधन भएपछि अनौपचारिक रुपमा स्थगित गरिएको सहयोग संकलनको कार्यलाई भेलाबाट पूर्णरुपमा स्थगित गर्ने निर्णय गरेको समितिका सचिव पोखरेलले जानकारी दिए ।

त्यसैगरी बचत भएको रकम आठ लाख ६४ हजार आठ सय २९ रुपैयाँ पीडित परिवारको घर पुनर्निर्माणमा खर्च गरिने समितिका संयोजक खतिवडाले जानकारी दिए ।

यसैबीच पीडित खनाल परिवारको घर पुनर्निर्माणको कार्य शुरु भएको सचिव पोखरेलले जानकारी दिएका छन् । सोही अभियानलाई सहयोग गर्न हार्डवेयर व्यवसायी संघ झापाले अनुमानित तीन लाख बराबरको जस्ता र ट्रष्ट उपलब्ध गराउने बताइएको छ ।






# विश्रान्तिमा रहेका वृद्धवृद्धालाई झापालीको सहयोग



**झापा, असोज २१।** झापामा रहेको लायन्स क्लव अफ बिर्तामोड लेडी र लियो क्लवले धनकुटामा रहेका वृद्ध-वृद्धालाई सहयोग गरेको छ ।

धनकुटास्थित विश्रान्ति मन्दिरमा रहेका २२ जना महिला र १८ जना पुरुषलाई लत्ताकपडा सहित खाद्यान्न सहयोग गरिएको हो । मन्दिरमा आश्रित २२ जना महिलाका लागि बिर्तामोड-५ निवासी आरती लिम्बू श्रेष्ठले साडी, पच्छ्यौरी, १८ जना पुरुषलाई दौरा सुरुवाल प्रदान गरेकी थिइन् । आफ्ना पितृहरुको स्मृतिमा श्रेष्ठले हरेक वर्ष आश्रममा रहेका वृद्धवृद्धालाई सहयोग पुऱ्याउँदै आएकी छिन् । उनले यस वर्ष धनकुटाको मूलघाटमा रहेको आश्रममा आश्रितलाई सहयोग गरेकी हुन् ।

लायन्स क्लव अफ बिर्तामोड लेडी र लियो क्लवले आयोजना गरेको कार्यक्रममा श्रेष्ठले सहयोग गर्दै आगामी दिनमा पनि दीन दुःखीको सेवामा लागीरहने बताएकी छिन् । श्रेष्ठले आफ्ना वुवा धनबहादुरु लिम्बू, आमा पञ्चमणि लिम्बू र काका धनकेशर लिम्बूको स्मृतिमा सहयोग गरेको बताइएको छ ।

त्यसैगरी टीका मैनाली र हेलन श्रेष्ठले आ-आफ्नो जन्मोत्सवका अवसरमा त्यहाँ आश्रित वृद्धवृद्धालाई खाद्यान्न सहयोग गरेका थिए । लायन्स क्लवकी अध्यक्ष दुर्गा थपलियाको अध्यक्षतामा भएको कार्यक्रममा इन्द्रकला लिम्बू, शारदा खड्काले समेत पितृको स्मृतिमा खाद्यान्न सहयोग गरेको बताइएको छ ।

कार्यक्रममा लायन्सका डिष्ट्रिक गर्भनर रेवत कार्की, जोन चियर पर्सन उर्मिला खरेल बिमली, लायन्स लिडर धिरज गुरुङ, टीका गुरुङ र रेखा गुरुङको आतिथ्य रहेको थियो ।

# झापाका ११ स्थानमा जिउँदो माछा बिक्री केन्द्र सञ्चालनमा

**बिर्तामोड, असोज २१।** जिल्लामा उत्पादित माछालाई बजारीकरण गर्न समस्या भइरहेका बेला जिल्लाका विभिन्न ११ स्थानमा एकैसाथ जिउँदो माछा बिक्री केन्द्र सञ्चालनमा ल्याइएको छ ।

गाभुर एग्रो फार्म प्रालिमार्फत पाँच जना युवाले झापाको बिर्तामोडस्थित बिर्ताबजारसहित मेचीनगर नगरपालिकाको काँकरभिट्टा, इँटाभट्टा, धुलाबारी, भद्रपुर नगरपालिकाको झापा चोक, सगरमाथा चोक तथा बिर्तामोडनगरपालिकाको चारपाने, बुट्टाबारी, जात्रुबारी, अतिथि सदन रोड र स्यालडाँगीमा माछा विक्री केन्द्र सञ्चालनमा ल्याइएको हो । घटस्थापनाको शुभ साइत पारेर सञ्चालनमा ल्याइएको माछा विक्री केन्द्रको उद्घाटन उद्योग वाणिज्य महासंघ प्रदेश नम्वर १ का अध्यक्ष टीकाराज ढकालले गरेका छन् ।

फर्मालिन प्रयोग गरेर हप्तै पिच्छे नेपाल भित्र्याइएका भारतीय मरेका माछाले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको गुनासो आइरहेका बेला जिल्लाका किसानले उत्पादन गरेका ज्युँदा माछा बिक्री गर्न लागिएको गाभुर एग्रो फार्मका अध्यक्ष अर्जुन राजवंशीले बताए ।




पत्रकार सहासंघ झापाका सहसचिव समेत रहेका राजवंशीसहित अभय राजवंशी, प्रमोद राजवंशी, विष्णुदेव राजवंशी र राजनकुमार राजवंशीले फर्म सञ्चालनमा ल्याएका हुन् । योसँगै उनीहरुले सर्वोत्तम एग्रो सप्लायर्सप्रालि नामक अर्को छुट्टै कम्पनी समेत स्थापना गरी माछाको दाना बिक्री गर्दै आएको बताइएको छ । कम्पनीले भारतमा उत्पादन भएको ग्रोवेल फिड्सको ग्रोवेल नामक माछाको दाना बिक्री गर्दै आएको सञ्चालक प्रमोदको भनाइ छ ।


## VACANCY

**Little Angels' Boarding School** invites application from delight, energetic, motivatied and enthusiastic personnel as the following posts for the academic session 2078.

| S.No. | Subject | Qualification | No. | Level |
|---|---|---|---|---|
| 1 | English | MA/MED | 1 | Secondary |
| 2 | Science | MSc/Bsc (Physics) | 1 | Secondary |
| 3 | English | MA/BA/B.Ed. | 1 | L. Secondary |
| 4 | English | B.Ed/I.Ed/IA | 1 | Primary |
| 5 | Staff Nurse | | 1 | |

Qualified and experienced candidattes are requested to drop their applications along with C.V. and other credentials by **5th of kartik 2078, Friday** at the front Desk of school.
Only short listed candidates will be called for interview.
**Salary: Negotiable**

Principal
**Little Angels' Boarding School**
Mechinagar-13, Charali, Jhapa (Phone: 460124, 9851011399)
Email: principal@labscharali.edu.np

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
**सम्पर्क :**
**सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.**
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## कर्मचारी आवश्यकता

कम्पनी ड्राइभर-१ जना
सेल्स मेनः ४ जना
अनुभवीलाई प्राथमिकता
सम्पर्कः कञ्चनजंघा हस्पिटल इस्युमेन्ट प्रा.लि.
बिर्तामोड, महानन्दचौक
९८०१४२४०१८, ९८०१४२४०१४
kanchanjungahpq@gmail.com

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।




बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७८को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका हाम्रा मान्यजन तथा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीवहिनी तथा उपभोक्ताहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. प्रेम खड्का
एवम् **हलेसी फर्निसिङ एण्ड खड्का ब्रदर्श परिवार**
भद्रपुर रोड, बिर्तामोड, झापा




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका-३, झापा

## लिटल एन्जल्स बोर्डिङ स्कूल, चारआली झापाको चमेना गृह सञ्चालन प्रस्ताव आव्हान सम्बन्धी सूचना

यस विद्यालयको चमेना गृह विगत बर्षहरुदेखि नै सञ्चालनको अवस्थामा रहेको तर आगामी दिनमा यस सञ्चालनमा समयअनुकूल साथै विद्यार्थी अभिभावकहरुको चाहना अनुरुप सुधार्दै पारदर्शी साथै जवाफदेहीताको परिधिभित्र रहेर विद्यालय प्रशासनको निर्देशन साथै अघिल्लो नियन्त्रणभित्र विद्यालयले तोकेको मापदण्ड भित्र मात्र सीमित रही सञ्चालन गर्न इच्छुक जो कोही नेपाली नागरिकहरुबाट गोप्य मूल्यसूचीसहित दरखास्त आव्हान गरिन्छ ।

**दरखास्तमा समावेश हुनुपर्ने पक्षहरु**
१) क्यान्टिन परिसर भाडा
२) खाने आइटम प्रत्येक मूल्यसूची (खाजा)
३) सादा खाना आइटमसहितको मूल्य सूची
४) चिया दूध हालेको/नहालेको मूल्य सूची
५) व्यवस्थापकीय पक्ष, भाषा प्रयोग आदि जनशक्तिको प्रयोग

**न्यूनतम शर्त**
- प्रत्येकदिन छुट्टै नास्ता हुनुपर्ने
- प्रत्येक दिन तीन आइटम नास्ता हुनुपर्ने
- विजुली बत्ती साथै खानेपानीको छुट्टै बिल भुक्तानी गर्नुपर्ने ।
- अन्य कुरा अन्तिम करारनामा गर्दा शर्त बन्देज गरिनेछ ।
- अन्तिम निर्णय विद्यालय प्रशासनले गर्नेछ ।

**विद्यालय प्रशासन**
फोन नं. ०२३-४६०१२४, ९८५१०११३९९

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



**सम्पर्क:**
९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'



विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**ऐतराज नेम्वाङ 'सन्तोष'**
नगर सभा सदस्य
अर्जुनधारा नगरपालिका, (झापा)




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा समस्त सेवाग्राही महानुभाव, कर्मचारी, शुभेच्छुकलगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । (हाम्रा सेवाहरुः घरनक्सा डिजाइन, सुपरभिजनको सुविधा, अनुमानित लागत खर्च मूल्याङ्कन, बैंकिङ मूल्याङ्कन आदि)

एवम् **जलकन्या इञ्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि.परिवार**
अर्जुनधारा नगरपालिका-८, शनिश्चरे बजार (झापा)
सम्पर्कः ९८१७०८११४०/९८१७०८१०४५/९८१७०८११४५

## MITERI Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond


(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको इजाजतप्राप्त संस्था)
प्रधान कार्यालय
धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

**(प्रथमपटक प्रकाशित मितिः २०७८/०६/२२)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखावाट उपभोग गरेको कर्जाको साँवा र ब्याज भुक्तानीको म्याद समाप्त भइसकेको र लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशीघ्र चुक्ताभुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूलउपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ । साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालो सूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरणसहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसील**
**सुरुङ्गा शाखा, झापा (०२३-५५२३११)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम-**<br>**१. व्यक्तिगत कर्जा**<br>**१. ऋणीको नाम : भानुभक्त खतिवडा**<br>वाबुको नामः याम बहादुर खतिवडा<br>बाजेको नामः टेकविर खतिवडा<br>झापा गा.पा.-६, झापा<br>नागरिकता नं. ०४-०१-६९-०२७७७<br>जारी मिति २०६९।०२।३२, झापा<br> | १) मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेका श्री भानुभक्त खतिवडाको स्वामित्व भएको झापा जिल्ला, शरणामती गा.वि.स वाड न. ६ स्थित कित्ता नं. १५५१ क्षेत्रफल ०-१०-० भएको जग्गा, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको ।<br>**जमानतकर्ता**<br>नामः मिना खत्री<br>वाबुको नामः भूमिनाथ पौडेल<br>पतिको नामः रत्न बहादुर खत्री<br>कन्काई न.पा.- ४, झापा<br>नागरिकता नं. ०४३०३१।१६५१<br>जारी मितीः २०६३।११।२३, झापा<br> |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, व्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा व्याज नियमित गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाईने व्होरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ ।




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रेनुका खवासः सचिव | मंगलसिंह लिम्बूः कावा अध्यक्ष

एवम् **सुखानी सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका-३ (झापा)/माई नगरपालिका-४, (इलाम)




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा हाम्रा समस्त उपभोक्ता महानुभाव, कर्मचारी, सरकारी तथा गैह्र सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निरामाया तामाङः सचिव | खगेन्द्र सुब्बाः अध्यक्ष

एवम् **दहीझोडा सामुदायिक वन उपभोक्ता समूह परिवार**
अर्जुनधारा नगरपालिका-४ (झापा)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ [redacted]ादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महता [redacted]ार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## सुरक्षित सुत्केरी सेवा लिन प्रेरीत गर

**झापा जिल्लाको बाह्रदशी गाउँपलिकाले गर्भवती महिला लक्षित कार्यक्रम सञ्चालन गरिरहेको छ । आदिवासी तथा सीमान्तकृत जातिको वाहुल्य रहेको त्यसक्षेत्रमा भौतिक पूर्वाधार र सेवा समेतको अभाव छ । त्यहीकारण शिक्षाको पहुँच विस्तार हुन नसक्दा चेतनाको विस्तारसँगै उनीहरूलाई संरक्षण गरेर राष्ट्रको मूल प्रवाहमा समाहित गर्न जरूरी छ । स्थानीय सरकारले त्यही आवश्यकता बोध गरेर विगतदेखि नै गर्भवती महिला र गर्भस्थ शिशुको स्वास्थ्य रक्षाका निम्ति कार्यक्रम नै सञ्चालन गरेको छ । जसअनुसार पालिकाको भूगोलभित्रका गर्भवती महिलालाई स्वास्थ्य रक्षाका साथै सुरक्षित सुत्केरी सेवा लिन प्रेरीत गरिन्छ। आर्थिक अवस्था र चेतनाको कमीका कारण घरमै सुत्केरी धेरै महिलाले ज्यान गुमाउने गरेको यथार्थलाई अनुभूत गरी पालिकाले शुरू गरेको यो सेवामा स्वास्थ्य शाखाको मुख्य भूमिका रहेको छ ।**

**गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण तथा परामर्श दिनुका साथै वर्थिङ सेन्टरमै सुत्केरी गराउन प्रेरीत गरेर जोखिम कम गर्न यो कार्यक्रम सहायक भएको छ । विगत तीन वर्षदेखि सञ्चालन हुँदै आएको गर्भवती लक्षित कार्यक्रम त्यहाँका विपन्न, आदिवासी र सीमान्तकृत महिलाका लागि वरदान भएको भन्दै सेवा लिइरहेका महिलाहरूले प्रशंसा गरेका छन् । हाम्रो जस्तो भौतिक विकासमा पछि परेको देशमा आज पनि मातृ एवम् शिशु मृत्युदर बढी छ। अझ स्वास्थ्य संस्थाको पहुँच नभएका र विपन्न वर्गका लागि गर्भावस्थाको सुरक्षा 'आकाशको फल' नै हो। यस्तोमा त्यही वर्गलाई लक्षित गरी झापा गाउँपलिकाले सञ्चालन गरेको पोषण तथा सुत्केरी सेवा सेवाग्राहीले भनेजस्तो 'वरदान' नै हो । पालिकाले नियमित स्वास्थ्य जाँचसँगै पोषिलो खानेकुरा, गर्भस्थ शिशुको भीडीयो एक्स- रे तथा सुत्केरी पछि 'न्यानो झोला' वितरण गरिरहेको छ। झोलामा नवजात शिशुको लागि आवश्यक कपडा र सुत्केरीका लागि समेत कपडा र पौष्टिक आहार प्रदान गरिन्छ।**

**पालिकाको तथ्याङ्क अनुसार आव ०७७/०७८ मा नौ सय ९६ जना महिला गर्भवती छन् । तीमध्ये छ सय ४६ जनाले नियमित स्वास्थ्य परीक्षण गरिरहेको स्वास्थ्य शाखाकी सुस्मिता मैनालीले जानकारी दिइन् । त्यसैगरी पालिकाले सञ्चालन गरेको वर्थिङ सेन्टरमा सन्तानब्बे जनाले सुरक्षित सुत्केरी सेवा लिएका छन्। बाह्रदशी-१ ले सञ्चालन गरेको पोषण कार्यक्रमबाट लक्षित वर्गले लाभ लिइरहेको बताउँदै पालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशीले अब कसैले पनि आर्थिक कारणले सुत्केरी हुन नसकेर जीवन गुमाउनु नपर्ने दावी गरिन् । विपन्न तथा सीमान्तवर्गका महिलामा बढेको स्वास्थ्य सम्बन्धी चेतनाले र स्वास्थ्यसेवी तथा स्वास्थ्य प्रदायक सेवाले प्रसूतिजन्य मृत्युदर कम गर्न महत्वपूर्ण योगदान दिनेछ । यति ख्याल गर्नु पर्छ कि लक्षित समूह सेवाको पहुँचमा छ/छैन। जनताबाटै उठाएको राजस्व जनता कै लागि खर्च हुनु त ठीक हो तर नगद सहयोग दुरूपयोग नहोस् यसतर्फ पालिकाको संयन्त्र सचेत हुनुपर्छ ।**

# मौसम परिवर्तन, भारत र जगेडा बिजुली



**विकास थापा**

भारतले वर्षेनि २.४६ अर्ब मेट्रिक टन कार्बन उत्सर्जन गर्छ र यो विश्वको कुल उत्सर्जनको ६.८ प्रतिशत हो । यतिखेर सारा विश्व नै मौसम परिवर्तनको चपेटमा परिसकेका छन् । भारतको महाराष्ट्रमा यसपालिको वर्षायाममा हरिया डाँडा नै खसे । नेपालमा मेलम्चीमा बाढी आयो । यी सबै मौसम परिवर्तनका असर हुन् । यो त शुरुवात मात्र हो । पृथ्वीको हरित गृह बिगार्नुमा भारतको तुलनामा नेपालको योगदान नगण्य बराबर छ । तर, नेपालले नगरेको गल्तीको सजाय भोग्दै छ ।

पृथ्वीको वातावरण विविध कारणले बिग्रँदै आएको छ । त्यतातिर नजाऔँ । यहाँ कार्बन उत्सर्जन गर्ने प्रमुख स्रोत तापीय ऊर्जाको चर्चा गर्ने जमर्को गरिएको छ । भारतको कूल चार लाख ३१ हजार ३०८ मेघावाट जडित विद्युत् क्षमतामा कार्बनडाइ अक्साइड उत्पादन गर्ने तापीयको अंश मात्रै ६३.५४ प्रतिशत छ (केन्द्रीय विद्युत् प्राधिकरण, भारत, २०२०को प्रतिवेदन) ।

यति धेरै विद्युत् प्रणाली भएको भारतमा जलविद्युत्को अंश भने केवल १२.७५ प्रतिशत मात्रै छ । सन् १९१५ मा पेरिस जलवायु सम्झौतामा हस्ताक्षर गर्ने एक सय ९५ राष्ट्रमध्ये भारत पनि हो । उक्त सम्झौतामा विश्वव्यापी तापमान २ डिग्री सेन्टिग्रेटमा राख्रुने लक्ष्य लिइएको थियो ।

यहाँ मौसम परिवर्तन र हरित ग्यास उत्सर्जनको कुरा उठाउनुको मुख्य कारण भारतले ऊर्जा उत्पादनमा गरेको अत्यधिक कोइला, डिजेल, ग्यास र अन्य हानिकारक कच्चा पदार्थको उपयोग सम्बन्धी हो । जसको मार भारत स्वयं मात्र होइन, वैश्विक रूपमा पर्दै गएको छ । अझ चीनले त कति कार्बनडाइ अक्साइड उत्पादन गर्छ भन्रुने तथ्यांक नै उपलब्ध गराउन चाहँदैन । त्यो अर्कै विषय हो । विश्वव्यापी तापमान वृद्धिले सारा देशलाई नवीकरणीय ऊर्जामा जान प्रोत्साहित गरेको त हो, तर व्यवहारमा यो लागू हुन सकेन ।

चीन कार्बन प्रदूषकमा नम्बर एकमा पर्छ भने अमेरिका दोस्रो र भारत तेस्रो प्रदूषक हुन् । भारतमा प्रतिव्यक्ति कार्बन प्रदूषण अमेरिका र चीनको दाँजोमा एक दशांश पर्छ । पेरिस सम्झौता अनुसार भारतले आगामी सन् २०३० सम्म कार्बन प्रदूषण ४२ प्रतिशतले घटाउनुपर्छ ।

कार्बन त्यतिकै घट्दैन । सर्वप्रथम त उसले उत्पादन गर्ने ऊर्जाको स्रोत नै परिवर्तन गर्नुपर्छ । तापीय र प्रदूषक ऊर्जा उत्पादन उसको बाध्यता होला । उसले खपत गर्ने सारा ऊर्जालाई नेपालको जलविद्युत्ले प्रतिस्थापन त नगर्ला । तर जलविद्युत्को क्षेत्रीय व्यापारमा भारत किन तगारो भइरहेको छ ? स्वाभाविक जिज्ञासा उत्पन्रुन गर्छ नै । भारतका कुनै पनि छिमेकी ऊसँग खुशी छैनन् । बंगलादेशलाई बिजुली पुऱ्याउने बाटो रोकेर कार्बन उत्पादन बढाइरहेको छ, भारतले । आफू पनि नेपालको बिजुली लिँदैन । बिजुली निर्यात गर्न नेपालले झन्डै एक वर्षअघि गरेको अनुरोध (प्रस्ताव) लाई पनि वास्तै गर्दैन ।

आयात गर्न दिने तर निर्यात गर्न नदिने भारतको यो नियत मौसम परिवर्तनका लागि पनि जिम्मेवार देखिन थालेको छ । आफैँ कार्बन उत्पादन गर्छ, त्यही कार्बन उत्पादन गरेको बिजुली नेपाललाई पठाउँछ । ब्रिटिस उपनिवेशकालीन मानसिकता र प्रवृत्ति कायम रहनु नै स्वदेशी उपेक्षा पनि थिए ।

रातारात पूर्वाधार बन्दैन । त्यसैगरी आज सुरु गरेर भोलि नै उद्योग पनि खुल्दैन । यसका लागि सर्वप्रथम चाहिन्छ सफा नियत । सफा नियतले नै असल नीति बन्छ । नीतिले नै कानून र अन्य कार्यविधि । ओली सरकारमा यही कुरा रहेन । विदेशी लगानीको माथिल्लो त्रिशुली १ (२१६ मेगावाट) लाई खतिवडाले राज्यको ६० अर्ब रुपैयाँ लुटाए विभिन्न बहानामा ।

तर स्वदेशका रुग्ण जलविद्युत्लाई हेरेनन् । राज्यले नै प्रशारण लाइन नबनाइदिएका कारण घाटा खाएर रुग्ण बन्न पुगेका स्वदेशीलाई अहिले पनि हेरिएको छैन । लगानी गर्न लगाउने, प्रशारण लाइन नबनाउने, बिजुली किन दिन सकिनस् भनेर उल्टो जरिवाना लगाउने ।

तर खिम्ती, भोटेकोशी, मर्स्याङ्दी, माथिल्लो त्रिशुली-



क्षेत्रीय विद्युत् व्यापारको तगारो हो । तसर्थ, भारतले कार्बन घटाउन नेपालमा उपलब्ध हुने बिजुली उचित मूल्यमा लिनैपर्छ ।

अब स्वदेशका कुरा गरौँ । ऊर्जा संकटको भयावह कालखण्ड पार गर्दै मुलुक जगेडा बिजुलीको युग ( वर्षायाममा मात्रै) मा पुगिसक्दा पनि यसको बजारको उचित बन्दोबस्त गरिएन । मानौँ, यो राज्य वा सरकारको विषय नै होइन । धान रोप्ने बेला आइसकेपछि सरकारले मल आयात गर्न टेण्डर गरेजस्तो पनि भएन । अघिल्लो सरकारले विद्युतीय परिप्रयोगलाई पूर्ण बेवास्ता गर्दै चकलेटमा कर घटाएर विद्युतीय सवारीमा कर थोपऱ्यो । विद्युतीय चुल्हो (इण्डक्सन) मा कर बढायो ।

लघु जलविद्युत् (माइक्रो हाइड्रो) को पातामा कर ठोक्यो र आयातमा कर घटाइदियो । गर्न नहुने जति सबै गऱ्यो । अर्थमन्त्री हुँदा डा. युवराज खतिवडाले केपी ओलीलाई मात्र बदनाम गराएनन्, सिंगो तत्कालीन नेकपालाई नै असफल तुल्याइदिए । नेकपामा खाडल पर्नुको प्रमुख कारणमध्ये खतिवडाको विदेशी मोह र १ जस्ता विदेशीका लागि प्रत्येक राजनीतिक दल र सरकारले चाँदी कटाई गरिदिए । यसले नेपालको सत्ताको बागडोर सम्हालेका नेताहरूमा नियत सफा नरहेको प्रस्ट देखियो । त्यही धमिलो नियतका कारण आज मुलुकमा अर्बौं रुपैयाँको बिजुली खेर गइरहेको छ ।

यो सरकार गठन भएको ८० दिन पुग्न लागिसक्दा पनि सरकारले पूर्णता पाएन । अर्थात् यो सरकारको सग्लो ८० दिन त्यसै खेर गयो- मुलुकको आर्थिक विकास र उन्रुनतिका दृष्टिले केही माखो मरेन । यस्तो सरकारले वर्षायाममा उब्रने बिजुली कसरी निकासी गराउने भन्नेतिर ध्यान देला भन्रुने अपेक्षा समेत राख्रुन सकिँदैन ।

यतिखेर मुलुकको विद्युत् प्रणाली दुई हजार मेगावाटको हाराहारीमा छ- निजी क्षेत्रका १३००.६३ र विद्युत् प्राधिकरणको ६४६ मेगावाट गरी । अब एक सय ३६ वटा जलविद्युत् आयोजनाका ३०३४.४८ मेगावाट धमाधम निर्माण भइरहेका छन् । त्यसबाहेक एकाध वर्षमा अरु ९९ वटा आयोजनाका १९४१.१६ मेगावाट निर्माण पूरा हुने क्रममा छन् । यसरी तीन सय ४६ वटा आयोजनाका कुल ६१७६.०१ मेगावाट बिजुली आउँदैछ । तर हाम्रो तयारी ? प्रश्न यहीँनेर छ ।

विद्युत् प्राधिकरणले अनुमान गर्दै आएको परम्परागत विद्युत् माग अर्थात् हालसम्मको अवधिमा पीपीए भइसकेको उक्त ६ हजार मेगावाट खपत हुन (उच्चतम माग, एकाध घण्टाका लागि मात्र) आगामी सन् २०३६-३७ कुर्नुपर्नेछ ।

एकातिर वर्षे बिजुली खेर फाल्नुपर्ने अर्कोतिर हिउँदमा आयात भने जारी राख्नुपर्ने विडम्बनात्मक स्थिति भने सन् २०२५-२६ सम्म कायम रहने स्वयम् प्राधिकरणको तथ्यांकले देखाउँछ । यसले नेपालमा तीन सय ६५ दिन नै पर्याप्त बिजुली छ भन्ने ग्यारेन्टी पनि गर्दैन ।

बिजुलीको ३६५ दिन र २४ घण्टा आपूर्ति हुने ग्यारेन्टी नभइकन धेरै बिजुली खपत गर्ने खालका प्रत्यक्ष वैदेशिक लगानीका ठूला उद्योग आउन पनि सक्दैन । किनभने बढी बिजुली खपत गर्ने क्षेत्र नै उद्योग हो । नेपालको औद्योगिक र व्यवसायिक नीति उचित नभएकाले उद्योगमा लगानी बढ्न सकेको छैन । बरु उद्योगीहरू व्यापारीमा रूपान्तरित हुँदै गएका छन् । अन्ततः यसको मार फेरि पनि उही विद्युत् खपतमै पर्ने देखिन्छ ।

विद्युत् खपत हुन नसकेकै कारण प्राधिकरणले यो वर्ष ५ सय मेगावाटको बिजुली खेर फाल्नुपऱ्यो । अर्को वर्ष पनि अवस्था यथास्थितिमा रहेमा एक हजार मेगावाट बिजुली जगेडा हुनेछ । यो अवस्थाको तत्काल अन्त्य गर्नुको एक मात्र विकल्प भारतको बिहार नै हो । बिहारमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राविधिक प्रस्ताव गरिसकेका छन् ।

अब त्यसलाई राजनीतिक तहमा सुल्झाउने जिम्मा सरकारको हो । भारतमा कार्यरत नेपालका राजदूतलाई नेपालले कति बिजुली भारतलाई बेच्रुन सक्छ भन्रुने हेक्का कहिल्यै भएन । अरु मुलुकका राजदूत यहाँ डलर पीपीए गराउन ऊर्जा मन्त्रीदेखि प्राधिकरणका कार्यकारी निर्देशकसम्मका कोठा-चोटा धाउँछन् । तर, हामीसँग भएको माल बिकाउन हाम्रा राजदूत र दूतावासका कर्मचारी त्यति चासो देखाउँदैनन् ।

परराष्ट्र मन्त्रालय पनि यस मामिलामा मौन छ । कहाँसम्म नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकमा भएका सहमति/निर्णय कार्यान्वयन भए कि भएनन् भन्रुने पुनः कुराकानी अघि बढाउने (फ्लोअप) हुँदैन । भारतको विदेश मन्त्रालयमा नेपालको नदी, नाला, कुवा सबैको जानकारी लिएर बसेको हुन्छ । तर हामीले भारतसित के निर्णय गरेका थियौँ भन्ने हाम्रा परराष्ट्रका हाकिमहरूलाई ज्ञान छैन ।

प्राधिकरणको प्राविधिक प्रस्तावलाई सचिवस्तरीय बैठक (जेएससी) ले एउटा मूर्तरूप दिने अपेक्षा राखिएको थियो । कर्मचारी तहको सबैभन्दा उपल्लो निकाय जेएससीमै हो विद्युत् व्यापारको बातचित हुने । यद्यपि भारतले विगतका जेएससी बैठकमा गरेका प्रतिबद्धता र सहमति कार्यान्वयन नभएको अवस्था छ । जेएससीको बैठकले पनि के गर्ला र ? भन्नेहरू पनि छन् । तर, कुरो त्यसो होइन । पहिला आफू ठीक हुनुपऱ्यो । भ्यु टावर, जलहरीमा अर्बौं रुपैयाँ खर्च गर्ने केपी ओलीले प्रदेश-प्रदेशमा चिस्यान केन्द्र खोलेनन् । अहिलेको सरकारको पारा पनि उही नै छ । बिजुली खपत गराउनलाई ऊर्जा मन्त्रीको खै योजना ? आफ्नो ज्ञान छैन भने ज्ञान भएका क्षमतावानहरूको ज्ञानको उपयोग गर्नुपऱ्यो । यसका लागि फेरि पनि चाहिन्छ उही- सफा नियत । इकागज

---

## परिवेश मिडिया अनलाइनको शुभारम्भ

परिवेश मिडिया अनलाइन न्यूज पोर्टल

**बिर्तामोड, असोज २१।** घटस्थापनाको अवसर पारेर झापाबाट परिवेश मिडिया नामक अनलाइन न्यूज पोर्टल सञ्चालनमा आएको छ ।

परिवेश डिजिटल मिडिया प्रालिले पोर्टल सञ्चालनमा ल्याएको हो । बिर्तामोडमा रजिष्टर्ड कार्यालय रहेको कम्पनीले मानिसको प्रविधिप्रतिको बढ्दो चाख र समय समयमा आइपर्ने प्राकृतिक विपत्ति समेतमा नागरिकको सुसूचित हुने अधिकारको सम्मान गर्दै न्यूज पोर्टल सञ्चालनमा ल्याएको जनाएको छ ।

लोकतन्त्रको संस्थागत विकास र सुशासनको पक्षमा सदैव लागिरहने मिडियाका सम्पादक पुष्प खड्काले बताए । शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिए पनि अन्यसबै क्षेत्र, वर्ग, लिङ्ग, विचार, धर्म आदिका समाचारहरुलाई स-सम्मान सम्प्रेषण गरिने उनले बताए । खड्काले सम्पूर्ण पाठक, विज्ञापनदाता तथा शुभेच्छुकहरुलाई सहयोग र सहकार्यका लागि आह्वान गरे ।

बिर्तामोडमा आयोजना गरिएको कार्यक्रममा पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एवम् पूर्वाञ्चल दैनिकका प्रधानसम्पादक एकराज गिरी, अग्रज पत्रकार लीला बराल, नारी सञ्चार गृहकी अध्यक्ष भीमा शिवाकोटी, लगायत अतिथीहरुले पोर्टलको शुभारम्भ गर्नुका साथै शुभकामना दिएका थिए ।

## 'शब्दपत्र डटकम' अनलाइन उद्घाटन



**बिर्तामोड, असोज २१।** शब्दपत्र प्रकाशन प्रालिद्वारा प्रकाशन तथा प्रशारण हुँदै आएको 'शब्दपत्र डटकम' अनलाइन पत्रिका औपचारिक रुपमा सञ्चालनमा आएको छ ।

प्रालिले घटस्थापनाको अवसर पारेर विहीवार दर्गा पञ्चायन मन्दिरमा एक कार्यक्रमकाबीच औपचारिक उद्घाटन गरेको हो । प्रालिको उद्घाटन नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले गरेका हुन् । दुई महिना अघिदेखि सञ्चालनमा आएको शब्दपत्रको विहीवार औपचारिक उद्घाटन भएको हो । उद्घाटन कार्यक्रममा वोल्दै अध्यक्ष गिरीले शब्दपत्र अनलाइनले मालिकहरुको नभएर जनताको शब्द बोल्नुपर्नेमा जोड दिए । अवका दिनहरु अनलाइन पत्रकारिताकै पक्षमा भएको भन्दै प्रमुख अतिथि समेत रहेका गिरीले पठनीय र गुणात्मक समाचारमा शब्दपत्र एककदम अगाडि रहेको बताए ।

झापा बिर्तामोडमा प्रधान कार्यालय रहेको शब्दपत्रले सवै प्रकारका समाचारलाई प्रकाशन प्रशारण गर्दै आएको छ भने स्थानीय समाचारलाई प्राथमिकतामा राखेर छ ।

शब्दपत्र प्रालिको सञ्चालकमा वालकृष्ण गिरी, पार्वत गिरी, तारा दुलाल, शर्मिला पुरी, इशा पुरी, उद्धव पुरीलगायत रहेका छन् । उद्घाटन कार्यक्रममा नेकपा (माओवादी केन्द्र) जिल्ला नेता वासु दुलाल, नेपाल पत्रकार महासंघ प्रदेश सदस्य लीलाराज झापाली, सहारा नेपाल साकोस लक्ष्मीपुर सेवा केन्द्रका प्रमुख उमेश भारती लगायतको उपस्थिति रहेको थियो

## अर्जुनधारामा इभाना फेशन ट्रेन्डस्

**अर्जुनधारा, असोज २१।** अनलाइन व्यापारको लोकप्रियता बढेसँगै बिहीबार घटस्थापनाको दिनदेखि झापाको अर्जुनधारामा इभाना फेशन ट्रेन्डस्ले सेवा शुरु गरेको छ ।

अर्जुनधारा-८ वडा समितिको कार्यालयमा कार्यरत् वडासचिव सस्मिता लुँइटेल केसीले सञ्चालनमा ल्याएको उक्त ट्रेन्डस्को स्थानीय समाजसेवी भगवती थापा र सञ्चालक लुँइटेलकी आमा रीता श्रेष्ठ कट्टेलले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

अनलाइनको माध्यमबाट गरिने उक्त ट्रेन्डस् आफूले पार्टटाइमको रुपमा सञ्चालन गर्ने सचिव लुइँटेलले बताइन् । प्रारम्भिक लगानी पाँच लाख रुपैयाँको लगानीमा सुरु गरिएको उक्त ट्रेन्डस्मार्फत् न्यूनतम आठ सयदेखि चार हजार पाँच सय रुपैयाँ मूल्य बराबरको विभिन्न ब्रान्डका कुर्तासुरुवाल पाइने बताइएको छ ।

त्यसैगरी कुर्ता सुरुवालसँग बालिकाहरुको लागि पनि आकर्षक कपडाहरुको अर्डर गर्न सकिने उनले बताइन् ।



## बिर्तामोडमा दुर्गा पाञ्चायन सहकारीको स्थापना



**बिर्तामोड, असोज २१।** बिर्तामोड-१मा दुर्गा पाञ्चायन बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएको छ । स्थानीयबासीको सामूहिक पहलमा स्थापना भएको उक्त सहकारीको बिहीबार एक कार्यक्रमका बीच उद्घाटन भएको छ ।

बिर्तामोड-१का वडाध्यक्ष अग्निप्रसाद पाण्डेले सहकारीको कार्यालयको उद्घाटन गरेका थिए । घटस्थापनाको अवसरमा आयोजित सहकारीको उदघाटन समहारोहमा प्रमुख अतिथि वडाध्यक्ष पाण्डे, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तथा पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक एकराज गिरी, बिर्तामोड-१का वडा सदस्य प्रेमकुमार खरेल, नेपाली कांग्रेसका वडा सभापति रघुनाथ सापकोटा, नेकपा एमालेका वडाध्यक्ष त्रिलोचन प्रसाईंले शुभकामना व्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष खड्गप्रसाद घिमिरेको अध्यक्षता र सह-सचिव चन्द्रकुमार श्रेष्ठ(रमेश)ले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव भवानी प्रसाईले गरेका थिए । १५४ जना संस्थापक शेयर सदस्य रहेको सहकारीमा १५ लाख ४० हजार रुपैंया शेयर पूँजी रहेको बताइएको छ ।

बिर्तामोड-१ लाई कार्य क्षेत्र बनाएर टोल विकास संस्थामार्फत ०७५ सालपछि पहिलोपटक उक्त सहकारी दर्ता भएको हो । संस्थाको सञ्चालक समितिमा अध्यक्ष खड्गप्रसाद घिमिरे, उपाध्यक्ष लवकुमार बस्नेत, सचिव भवानी प्रसाई, सह-सचिव चन्द्रकुमार श्रेष्ठ(रमेश), कोषध्यक्ष लक्ष्मी सन्यासी गिरी, सह-कोषध्यक्ष उमा भट्टराई रहेका छन् ।

त्यस्तै सदस्यहरुमा लक्ष्मी दाहाल, भवानीकुमारी खड्का, छुताकुमारी अधिकारी (आशा), उर्मिला गिरी र देवनारायण शर्मा रहेका छन् । संस्थाको कार्यालय बिर्तामोड-१ जगत बस्ती शान्ति टोलमा स्थापना गरिएको हो ।

## ट्रकको ठक्करबाट स्कुटीमा सवार दुई जनाको मृत्यु

**सुनसरी, असोज २१।** सुनसरीको इटहरी उपमहानगरपालिका-१६ लायन्स चौकस्थित पूर्व-पश्चिम लोकमार्गमा ट्रकको ठक्करबाट स्कुटीमा सवार दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्कुटी चालक इनरुवा नगरपालिका-२का २५ बर्षीय सुशान्त भट्टराई र संखुवासभा चिचिला गाउँपालिका-२का २० बर्षीय बिबिसन बिक रहेका छन् । पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना ६ ख ५६८१ नम्बरको ट्रकले बिपरीत दिशाबाट जाँदै गरेको को २० प ६७४७ नम्बरको स्कुटीलाई ठक्कर दिँदा गम्भीर घाइते भएका भट्टराई र बिकको उपचारको लागि न्यूरो अस्पताल विराटनगर लाने क्रममा बाटैमा मृत्यु भएको हो । ट्रक र ट्रक चालक मकवानपुर मनहरी नगरपालिका-९ का ३१ बर्षीय अर्जुन गिरीलाई इलाका प्रहरी कार्यालय पकलीकले नियन्त्रणमा लिइएको छ ।

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमण कायमै रहेको हुँदा आउँदै गरेको हिन्दूहरुको महान चाड वडादशैंमा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर तथा शक्तिपीठहरुमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, अर्चना, भेलामा हुने सहभागितालाई कम गर्न र गर्नैपर्ने पूजा विधि न्यूनतम् भक्तजनहरुको उपस्थितिमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गरेर मात्र गर्नुहुन हार्दिक अनुरोध छ।
- नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्दै बजारमा हुन सक्ने भीडभाडलाई कम गरी किनमेल र व्यापार व्यवसाय सञ्चालन गर्नुहुन सबै व्यवसायी/व्यापारी तथा नागरिकलाई अनुरोध छ।
- विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने। टीका ग्रहण गर्दा ज्येष्ठ नागरिक, बिरामी र बालबालिकाहरुलाई विशेष महत्व दिई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्नुहुन अनुरोध छ।


**गणेशप्रसाद दाहालः प्रमुख प्रशासकीय अधिकृत**

## नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।






यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड**

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)




'भौतिक दूरी कायम गर्दै मास्क र सेनिटाइजरको प्रयोग गरौं, कोभिड-१९ रोगको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं'

विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७८को पावन अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

एवम् **नेपाल विद्युत् प्राधिकरण शनिश्चरे उपवितरण केन्द्र परिवार**
अर्जुनधारा नगरपालिका-८ (झापा)

## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यलिय बितमिोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३


# हार्दिक कृतज्ञतासहित धन्यवाद

गत भदौ २६ गते शनिवार झापाको अर्जुनधारा-७मा ग्यास लिक भई भएको आगलागीमा परी घाइते भएका रोमनाथ, दुर्गा र पंकज खनाल परिवारको उपचार एवम् घर पुनर्निर्माण सहयोगार्थ सहयोग रकम प्रदान गर्नुहुने दाताहरुको नामावली निम्न अनुसार रहेको छ।

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | टंक खनालको नेतृत्वमा संकलन भएको | काठमाडौं | ८,५२,४५२।- |
| २ | इलामेली समाज | दक्षिण कोरिया | ११२७७४।- |
| ३ | रनधता अधिकारी परिवार | बरबोटे, इलाम | १०१०००।- |
| ४ | लक्ष्मीप्रसाद बास्कोटाको नेतृत्वमा संकलन भएको | बिर्तामोड | ५३०००।- |
| ५ | गोविन्द खतिवडा | अर्जुनधारा-७ | ५०,०००।- |
| ६ | धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था | बिर्तामोड | ५१०००।- |
| ७ | देव नेपाल, ईश्वरी न्यौपाने, भक्ता नेपाल, सन्तोष पोखरेल, मुकुन्द ढुंगाना, डिल्ली थापा, नकुल श्रेष्ठ | अमेरिका | ४८०००।- |
| ८ | नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ | झापा | ३०५००।- |
| ९ | प्रज्ज्वल बुढाथोकी | हाल अष्ट्रेलिया | २५४००।- |
| १० | योगेन्द्र खतिवडा | हाल अष्ट्रेलिया | २५०००।- |
| ११ | कमल गुरागाँई | अर्जुनधारा-७ | २१,०००।- |
| १२ | शनिश्चरे व्याचमेन्ट (०४१) | अर्जुनधारा | २१,०००।- |
| १३ | देविका बुढाथोकी | अर्जुनधारा-७ | २१,०००।- |
| १४ | शारदा अधिकारी | बिर्तामोड | २००००।- |
| १५ | नेत्रबहादुर नेपाल | अर्जुनधारा-५ | १५०००।- |
| [redacted] | | अर्जुनधारा-७ | १५०००।- |
| [redacted] | नेतृत्वमा संकलन भएको | बिर्तामोड | १३५००।- |
| [redacted] | | अर्जुनधारा-७ | १३०००।- |
| [redacted] | ण शनिश्चरे उपवितरण केन्द्र | अर्जुनधारा | १२२००।- |
| [redacted] | | हाल अमेरिका | १२०७६।- |
| [redacted] | | अर्जुनधारा-१० | १११९५।- |
| [redacted] | | अर्जुनधारा-८ | ११०००।- |
| [redacted] | | अर्जुनधारा-७ | ११०००।- |
| [redacted] | | अर्जुनधारा | ११,०००।- |
| [redacted] | | बिर्तामोड-५ | ११,०००।- |
| [redacted] | | हाल अमेरिका | ११०००।- |
| [redacted] | | हाल अमेरिका | ११०००।- |
| [redacted] | | हाल अमेरिका | ११०००।- |
| [redacted] | यर) | अर्जुनधारा-५ | ११०००।- |
| [redacted] | | अर्जुनधारा-७ | १००००।- |
| [redacted] | | अर्जुनधारा-५ | १००००।- |
| [redacted] | ी | बिर्तामोड | १००००।- |

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ३३ | इन्दिरा तिम्सिना | काठमाडौं | १००००।- |
| ३४ | मीना आचार्य | अर्जुनधारा | १००००।- |
| ३५ | तोयानाथ आचार्य | अर्जुनधारा-७ | १००००।- |
| ३६ | शेखर/ सुजता खतिवडा | हाल कतार | १००००।- |
| ३७ | प्रकाश/लक्ष्मी रेग्मी | अर्जुनधारा-५ | १००००।- |
| ३८ | कमला पोखरेल | हाल अमेरिका | १००००।- |
| ३९ | नाथमणि पौडेल | अर्जुनधारा-७ | ८०००।- |
| ४० | अरुणोदय आधारभूत विद्यालय (शिक्षक) | अर्जुनधारा-७ | ५५००।- |
| ४१ | रमा श्रेष्ठ | अर्जुनधारा-७ | ५१०५।- |
| ४२ | निरज ढकाल | अर्जुनधारा-८ | ५१००।- |
| ४३ | उपेन्द्र भट्टराई | अर्जुनधारा-७ | ५१००।- |
| ४४ | हरि निरौला | अर्जुनधारा-७ | ५१००।- |
| ४५ | खगेन्द्र खतिवडा | अर्जुनधारा-७ | ५१००।- |
| ४६ | याम कार्की | अर्जुनधारा-९ | ५१००।- |
| ४७ | बसन्त सोमानी | अर्जुनधारा-८ | ५१००।- |
| ४८ | हेमराज कोइराला | अर्जुनधारा-७ | ५१००।- |
| ४९ | तीर्थशंकर आचार्य | अर्जुनधारा-७ | ५००५।- |
| ५० | लीला बल्लव कोइराला | अर्जुनधारा-४ | ५०००।- |
| ५१ | समाजसेवी दूरी कीर्तन मण्डली | अर्जुनधारा-४ | ५०००।- |
| ५२ | गोमादेवी/राजकुमार गौतम | [redacted] | ५०००।- |
| ५३ | कमल निरौला | [redacted] | ५०००।- |
| ५४ | देवीप्रसाद अधिकारी | [redacted] | ५०००।- |
| ५५ | चित्र शास्त्री अधिकारी | [redacted] | ५०००।- |
| ५६ | हरि खड्का | [redacted] | ५०००।- |
| ५७ | नारायण घिमिरे | [redacted] | ५०००।- |
| ५८ | चन्दु सुवेदी | [redacted] | ५०००।- |
| ५९ | पशुपति त्रिताल | [redacted] | ५०००।- |
| ६० | चूडामणि निरौला | [redacted] | ५०००।- |
| ६१ | बिनोद दाहाल | [redacted] | ५०००।- |
| ६२ | राम ढकाल | [redacted] | ५०००।- |
| ६३ | देवीमाया खतिवडा | [redacted] | ५०००।- |
| ६४ | मोतिलाल पौडेल | [redacted] | ५०००।- |
| ६५ | राजेन्द्र निरौला | [redacted] | ५०००।- |

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ६६ | बरदान घिमिरे | कचनकवल | ५०००।- |
| ६७ | कमल पोखरेल | अर्जुनधारा-७ | ५०००।- |
| ६८ | नारायण सिटौला | अर्जुनधारा-७ | ५०००।- |
| ६९ | दिपेन्द्र पौडेल | अर्जुनधारा-६ | ५०००।- |
| ७० | युवराज काफ्ले | अर्जुनधारा-६ | ५०००।- |
| ७१ | रामकुमारी पौडेल | अर्जुनधारा-५ | ३५००।- |
| ७२ | राजेन्द्र काफ्ले | अर्जुनधारा-७ | ३१००।- |
| ७३ | निशा निरौला | बिर्तामोड-५ | ३०००।- |
| ७४ | दैवी प्रकोप उद्धार समिति | अर्जुनधारा-४ | ३०००।- |
| ७५ | हेमन्त पौडेल | अर्जुनधारा-६ | ३०००।- |
| ७६ | ओम अधिकारी | बिर्तामोड-२ | २१००।- |
| ७७ | चतुर्भुज काफ्ले | अर्जुनधारा-७ | २१००।- |
| ७८ | बजाज शोरुम | बिर्तामोड | २१००।- |
| ८० | नरेश शर्मा | बिर्तामो-५ | २१००।- |
| ८१ | अम्बिका अधिकारी | बुद्धशान्ति | २०००।- |
| ८२ | युवराज आचार्य | बुद्धशान्ति | २०००।- |
| ८३ | ज्ञानप्रसाद अधिकारी | रतुवा माई, मोरङ | २०००।- |
| ८४ | पंकज भट्टराई | सन्दकपुर, इलाम | २०००।- |
| ८५ | हरि खतिवडा | अर्जुनधारा-४ | २०००।- |
| ८६ | शौरभ संग्रौला | [redacted] | २०००।- |
| ८७ | सुरेन्द्र आचार्य | [redacted] | १५००।- |
| ८८ | कनकाई बुक्स | [redacted] | १५००।- |
| ८९ | चेतन लम्साल | [redacted]-६ | ११००।- |
| ९० | अर्जुन कार्की | [redacted] | ११००।- |
| ९१ | विकास भण्डारी | [redacted] | १०५५।- |

| क्र.सं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| ९२ | चेतनाथ पौडेल | अर्जुनधारा-७ | १०५०।- |
| ९३ | शान्तिराम अधिकारी | रतुवामाई, मोरङ | १०००।- |
| ९४ | गोमादेवी तिम्सिना | रतुवामाई, मोरङ | १०००।- |
| ९५ | गोपाल अधिकारी | बुद्धशान्ति | १०००।- |
| ९६ | शान्तिराम अधिकारी | रतुवामाई, मोरङ | १०००।- |
| ९७ | श्याम घिमिरे | अर्जुनधारा-९ | १०००।- |
| ९८ | दीपा गुरागाई | अर्जुनधारा-७ | १०००।- |
| ९९ | प्रेमकुमार आछामी | अर्जुनधारा-४ | १०००।- |
| १०० | कल्पना देवी विमली | अर्जुनधारा-५ | १०००।- |
| १०१ | किंग पब्लिकेशन | बिर्तामोड-५ | १०००।- |
| १०२ | कञ्चन इंलिस स्कूल | बिर्तामोड-५ | १०००।- |
| १०३ | अरुणोदय सहकारी पसल | बिर्तामोड-५ | १०००।- |
| १०४ | पञ्चकन्या किचन | बिर्तामोड-५ | १०००।- |
| १०५ | खेम अधिकारी | बिर्तामोड | १०००।- |
| १०६ | नोम सापकोटा | बिर्तामोड-४ | १०००।- |
| १०७ | खेमराज पुरी | मेचीनगर | १०००।- |
| १०८ | कृष्ण भट्टराई | कनकाई | १०००।- |
| १०९ | सुदीप दाहाल | अर्जुनधारा | १०००।- |
| ११० | जेटली सापकोटा | बिर्तामोड | १०००।- |
| १११ | यशोदा पौडेल | बिर्तामोड | ५००।- |
| ११२ | कमल निरौला | अर्जुनधारा-७ | ५००।- |
| ११३ | अन्य | | २४०००।- |
| | जम्मा | | १९,५२,६३२।- |

नोटः यो अभियान पूर्ण रुपमा स्थगित भएको यसै सूचनामार्फत सबैमा जानकारी गराउँदछौं।

**कमल [redacted]**
स[redacted]

**गोविन्द खतिवडा**
संयोजक

## आगल[redacted] पीडित आर्थिक सहयोग सं[redacted]न समिति, अर्जुनधारा नपा-७, झापा

[redacted]ष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
[redacted]म्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। सामाजिक
[redacted]तृत्व हातलागी हुने सम्भावना छ। व्यापारमा पनि राम्रै
[redacted]ाइदा उठाउन सकिनेछ।
[redacted]ष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
[redacted]तिष्ठित काम गर्ने अवसर मिल्नेछ। मेहनतले
[redacted]ीवनशैलीमा परिवर्तन आउनेछ।
[redacted]मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
[redacted]शिष्ट व्यक्तिको सहयोग जुट्नेछ। महत्वाकांक्षाले लक्ष्यमा
[redacted]्याउन सक्छ, कर्तव्यपरायण रहनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, [redacted]**
अवसरसँगै चुनौति समेत देखा प[redacted]ाको नाममा
आफ्ना कमजोरीको फाइदा उठाउ[redacted]ला पर्नेछन्।
**सिंह (मा, मि, मु, मे, मो, टा, [redacted]**
होसियारी साथ काममा जुट्नु हो[redacted]क्रहरूले भने
राम्रै सहयोग जुटाउने छन्। सा[redacted] जिम्मेवारी
बढ्नेछ।
**कन्या (टो, प, पि, पु, ष, ण, [redacted]**
फाइदाका स्रोत पहिचान गर्न स[redacted]भाव जागृत
हुनका साथै धर्मकर्ममा प्रवृत्त भ[redacted]

**तुला (र, रि, रु, रे, रो, त[redacted] -**
सामान्य कामका लागि धेरै[redacted]पर्नेछ। तत्काल फाइदा
नहुने काममा जुट्नुपर्ला। प[redacted]ौति निम्त्याउन सक्छ।
**बृश्चिक (तो, ना, नि, नु, [redacted]यि, यु) -**
ठूलो भागको आशा राख्दा[redacted]तु समेत गुम्न सक्छ।
अरूका विषयमा चासो लिँ[redacted]मेला व्यहोर्नुपर्ला।
**धनु (ये, यो, भ, भि, भु, ध[redacted]) -**
स्वास्थ्यका लागि व्यायाम त[redacted]मा ध्यान पुऱ्याउनुहोला।
तत्काल फाइदा नभए पनि[redacted]उन सकिनेछ।
**मकर (भो, ज, जि, खि, [redacted]गा, गि) -**

घुमफिर तथा मनोरञ्जनको समय छ। तर, लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला।
**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ। आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ। वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ।
**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला। हडबडीले घर-व्यवहारमा केही समस्या निम्त्याउनेछ।